# ५ नम्बर प्रदेश
# भौतिक पूर्वाधार विकास मन्त्रालय
रुपन्देही,बुटवल

विज्ञापन नं. ०१/०७६/७७

(पहिलो पटक प्रकाशित मितिः: २०७६/०७/०९)

यस मन्त्रालय र स्थानीय तहहरुको साझेदारीमा प्रदेश नम्बर ५ अन्तरगतका स्थानीय तहहरुको खानेपानी सरसफाई तथा स्वस्च्छता योजना निर्माण गर्न लागिएकोले यस मन्त्रालयलाइ तपसिल बमोजिमका स्वयम् सेवकहरु आवश्यक रहेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट मन्त्रालयले तोकेको दरखास्त फाराम भरि दरखास्त पेश गर्नुहुन आब्हान गरिएको छ ।

| | |
|---|---|
| पद | : वास योजना संयोजक (स्वयम् सेवक) |
| कार्य क्षेत्र | : तोकिएको स्थानीय तह |
| सेवा अवधि | : बढीमा ३ महिना |
| पद संख्या | : केहि |
| न्युनतम शैक्षिक योग्यता | : स्नातक तह उत्रिण |
| न्युनतम कार्य अनुभव | : खानेपानी सरसफाई, ग्रामिण विकास कार्यक्रम सम्बन्धि स्थानीय स्तरमा समन्वय एवम् सहजीकरण गरेको २ वर्षको अनुभव |
| कम्पुटर सिप | : माइक्रो सफ्ट अफिस सम्वन्धि राम्रो दख्खल भएको |

कार्य विवरण : वास कार्यदल गठन गरि स्थानीय तह एवम् वडा स्तरको वास योजना तर्जुमा कार्य योजना वनाउन स्थानीय तहलाइ सहयोग गर्ने। तथ्यांक संकलक छनोट गर्न स्थानीय तहलाइ सहयोग गर्ने। तथ्यांक संकलकहरुलाई मोबाइल एप्लिकेसन माफर्त गरिने तथ्यांक संकलन तालिम प्रदान गर्ने, तथ्यांक संकलन गर्ने व्यवस्था मिलाउने तथा संकलित तथ्यांकहरुको दैनिक रुपमा सम्पादन गर्ने। वास योजना निर्माणका लागि आवश्यक संकलित तथ्यांकहरुको प्रारम्भिक विस्लेषण गर्ने। वास योजना सम्बन्धि मन्त्रालय तथा स्थानीय तहहरुले संचालन गर्ने कार्यक्रमहरुको समन्वय एवम् सहभिकरण गर्ने ।

पारिश्रमिक : आपसी समझदारीमा तय गरिने

दरखास्त दाताले दरखास्त फाराम पेश गर्दा तपसिल बमोजिमका कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ ।

- मन्त्रालयले तोकेको दरखास्त फाराम
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- प्राप्त र प्रदान गरेका तालिमहरुको प्रमणपत्रको प्रतिलिपि (३ वा सो भन्दा बढी दिने तालिमको मात्र)
- कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि
- दरखास्त दिने पदको लागि तोकिएको अन्य कागजातहरु

द्रष्टव्यः

- यो सूचना प्रकाशित मितिले १५ औं दिन सम्ममा कार्यालय समयभित्र मन्त्रालयमा दरखास्त पेश गरि सक्नुपर्नेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा स्वतः त्यसदिनको भोलिपल्ट सम्म म्याद कायम रहनेछ । साथै दरखास्त फाराम तोकिएका अन्य कागजातहरु सहित मन्त्रालयको इमेल mopid.pr5.wss@gmail.com मार्फत समेत पेस गर्न सकिने छ।
- सम्बन्धित स्थानीय तह, महिला, दलित तथा पिछडावर्गहरुलाइ प्राथमिकता दिईनेछ ।
- कर्मचारी छनौट सम्बन्धी आवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।
- संक्षिप्त सूचीमा परेका दरखास्त दाताहरुलाई मात्र अन्तरवार्तामा समावेश गरिनेछ
- अन्तरवार्ताको मिति, समय र स्थान मन्त्रालयको सूचना पाटीमा टाँस गरिनेछ ।
- दरखास्त फाराम यस मन्त्रालयको वेव साइट www.mopid.pr5.gov.np मार्फत डाउनलोड गर्न वा मन्त्रालयको शाखाको फोन नं: ०७१-५०३४४९ वा ०७१-५०३३६५ मा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ ।

## दरखास्त फाराम

विज्ञापन नं. ...........

१. पद : ..................................................

२. पुरा नाम थर ... ... ... ... ... ... ... ...

३. लिङ्ग : ....................

४. नागरिकता नं .............................. नागरिकता जारी गर्ने जिल्ला र मिति :.........................

५. जातीय समुदाय (दलित/जनजाति/अन्य) : .....................

६. जन्म मिति : ................................

७ सम्पर्क ठेगाना
मोवाइल, इमेल .................................

स्थाई ठेगाना :

अस्थाई ठेगाना :

८. व्यवसायिक संस्थामा आवद्धता/सदस्यता : ............................

९. **शिक्षा** : आफूले हालसम्म औपचारिक शिक्षा प्राप्त गरेको शैक्षिक संस्थाको नाम, उत्तीर्ण गरेको तह, तथा साल समेत उल्लेख गर्नुहोस् । (प्रमाणपत्रको प्रतिलिपि अनिवार्य छ ।)

| शैक्षिक संस्था | मिति | | उतीर्ण गरेको साल (वि.सं.) | उत्तीर्ण गरेको तह |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

१०. **अन्य सम्बन्धित तालिमहरु** : कृपया आफुले प्राप्त गरेको तालिमको विवरण उल्लेख गर्नुहोस (३ दिन भन्दा कमको तालिम उल्लेख नगर्नुहोस) प्रमाणपत्रहरुको प्रतिलिपि व्यक्तिगत विवरणसंग अनिवार्य रुपमा संलग्न गर्नुहोस् ।)

| संस्था | मिति | | तालिमको विषय |
|---|---|---|---|
| | देखि | सम्म | |
| | | | |
| | | | |
| | | | |
| | | | |

११. **कार्य अनुभव** : (हालको बाट शुरु गर्नुहोस् ।)

| संस्थाको नाम र ठेगाना | तह | कार्य अनुभव | | समय अवधि | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः प्रमाणपत्रहरुको प्रतिलिपिहरु अनिवार्य छ ।

१२. **भाषा** : आफूले लेख्नजान्ने, पढ्नजान्ने र बोल्नजान्ने भाषाको अवस्था राम्रो, ठिकै र नराम्रो मा उल्लेख गर्नुहोस् ।

| भाषा | पढ्न | बोल्न | लेख्न |
|---|---|---|---|
| नेपाली | | | |

| | | | |
|---|---|---|---|
| अंग्रेजी | | | |
| अन्य .......... उल्लेख गर्ने | | | |

१३. **प्रमुख योग्यता** : एक पेजमा नवढाई आफूले प्राप्त गरेको तालिम, शैक्षिक योग्यता तथा अनुभवको बारेमा उल्लेख गर्नुहोस् साथै विगतमा सम्पन्न गरेका सवैभन्दा सफल क्रियाकलापहरुको बारेमा उल्लेख गर्नुहोस् र **प्रस्तावित कामको लागि तपाई कसरी आफूलाई योग्य सम्झनुहुन्छ छोटकरीमा उल्लेख गर्नुहोस्**। (छुट्टै पेजमा लेखी हस्ताक्षर गरेर संलग्न गर्नुहोस् )

१४. **प्रमाणीकरण**

मेरो जानकारीमा भएसम्म मैले यस वैयक्तिक विवरणमा उल्लेख गरेका मेरो व्यक्तिगत विवरण, योग्यता र अनुभव लगायत सम्पूर्ण विवरणहरु सही र सत्य भएको प्रमाणित गर्दछु। कुनै पनि प्रकारको झुठो तथा गलत जानकारी दिएको दिएको खण्डमा छनौट प्रक्रियाबाट अयोग्य हुने वा छनौट भइसकेपछि पदच्युत हुने व्यहोरा मलाई राम्रोसंग थाहा छ। म यस कार्यको लागि नियुक्त भएमा कम्तीमा एक वर्षसम्म निरन्तर काम गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

.......................................................

*उम्मेदवारको दस्तखत (निलो मसीमा)*

.....................................

मितिः बर्ष/महिना/दिन

उम्मेदवारको सम्पर्क नं. :